# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।१२।१५ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

राष्ट्रिय अनुसन्धान विभागमा कार्यरत विमल खड्काले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी बढुवा भै अनुसन्धान अधिकृतको पदमा कार्यरत रहेकाले छानबिन गरी पाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज अनुसन्धान अधिकृत विमल खड्काले Bihar School Examination Board, Patna, भारतबाट प्राप्त आइ.ए. तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी सरकारी सेवामा बहाल रही लाभ समेत लिएको देखिँदा निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर गरेको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता